फोन नं. : ०६१-५८५०१६/५७०२७१

राष्ट्रिय माध्यमिक विद्यालय,

Rastriya Secondary School

पोखरा-१, पुरानो टुँडिखेल, कास्की । inforss2006@gmail.com

Pokhara –1, Purano Tundikhel, kaski IEMIS Code:400320101

Estd:2006

च.नं. : ९३४/०८३/०८४ मिति : २०८३/०८/०३

विषय: रिक्त दरबन्दीमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयको रिक्त प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०८/०३ गतेको निर्णय र पोखरा महानगरपलिका शिक्षा महाशाखाको मिति २०८३/०८/०३ च.नं ३१८ को प्राप्त पत्रानुसार साथै शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८३/०८/१८गतेसम्म) विद्यालय समयभित्र निवेदन पेश गर्नका लागि दरखास्त आह्वान गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरू

१.सरुवाको निवेदन (शिक्षक संकेत नं समेत)
२.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
३.सेवा अवधि खुलेको कागजातहरू ।
४.अस्थायी/स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।
५.यस अघि पनि सरुवा भएको भए सरुवा सहमति र रमाना पत्रको प्रतिलिपि ।
६.शैक्षिक योग्यता, अध्यापन अनुमति पत्र तथा तालिमको प्रमाणपत्रहरूको प्रतिलिपि ।
७.हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
८.असाधारण/बेतलबी बिदा लिए/नलिएको सम्बन्धी कागजात ।
९.कार्यरत विद्यालयको सहमति पत्र र वि.व्य.स. निर्णयको प्रतिलिपि ।
१०.सम्बन्धित स्थानीय तहको अनुमति पत्र ।
११.शिक्षा नियमावली (संशोधन सहित) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण र कागजातहरू (आवश्यक भएमा) ।
१२.शिक्षा नियमावली, २०५९ को अनुसूची १७ बमोजिमको फाराम ।

उक्त अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ (संशोधन सहित) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका र म्याद समाप्त भए पछि आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

बोधार्थ:

- श्री शिक्षा विकास तथा समन्वय एकाई, कास्की (जानकारी तथा वेब साइटमा प्रकाशनका लागि)।
- श्री शिक्षा महाशाखा पोखरा महानगरपालिका (जानकारी तथा वेब साइटमा प्रकाशनका लागि) ।

प्रधानाध्यापक
राष्ट्रिय माध्यमिक विद्यालय
फोन नं. :०६१-५८५०१६/५७०२७१

प्रधानाध्यापक